बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858487345, 9865906596 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email: bitthadchirmun@gmail.com
Website: www.bitthadchirmun.gov.np

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

पत्र संख्या :- २०८२।०८३
चलानी नं :-

मितिः- २०८२।०७।१०

## दशैं पर्व २०८२ को शुभकामना सन्देश

नेपालीहरुको महान पर्व विजयादशमीको पावन अवसरमा सम्पूर्ण गाउँपालिकावासी, जिल्लावासी लगायत स्वदेश तथा विदेशमा रहनुहुने नेपाली आमा बुबा, दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, उत्तरोत्तर प्रगति लगायत तपाईहरुको आर्शिवाद सँधै हामीलाई मिलीरहोस् भन्ने अपेक्षा सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

दशैं पर्व २०८२ ले हामी सबैमा नयाँ जोश, जाँगर र उत्साह, उमङ्गसहित सामाजिक- सांस्कृतिक एकता कायम राख्ने प्रेरणा प्रदान गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकङ्क्षा पूरा गर्न ऊर्जा मिल्नेछ । साथै, समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियान सफल बनाउन र आपसी प्रेम, करुणा र अहिंसाको भावना बढ्नेछ भन्ने विश्वास गर्दछु। हाम्रो मुलुक बहुसांस्कृतिक विविधताले भरिपूर्ण छ। संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्यका रुपमा उल्लेख गरेको छ। जसले गर्दा सामाजिक-सांस्कृतिक चाडपर्व, मूल्यमान्यता तया प्रचलन, रीतिरिवाज, परम्परा, संस्कार, संस्कृति राज्यको अभिन्न अङ्गका रुपमा रहेको छ।

आश्विन शुक्ल प्रतिपदाका दिनदेखि नवमीसम्म दुर्गा भवानीको पूजाआराधना गरी दशौ दिन टीका जमरा ग्रहण गरी पूर्णिमाका दिनसम्म मान्यजनको हातबाट आशीर्वाद लिइ मनाइने चाड दशैलाई पारिवारिक जमघटको विशेष अवसरका रुपमा लिइने गरिन्छ। बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता कायम गर्न साथै सामाजिक-सांस्कृतिक परम्परा, ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्न दशैको विशेष महत्व छ।

अन्तमा, पर्वहरु भाइचारा, सद्भाव, संस्कृतिक सहिष्णुता र सामाजिक एकताको अवसर हो। जसलाई समाजमा खलहल नपुग्ने गरि र भड्किलो नबनाई आ-आफ्नो सापेक्षतामा मनाउन आग्रह गर्दै २०८२ को दशैं पर्वको पावन अवसरमा सम्पूर्ण बित्थडचिरवासी, जिल्लाबासी लगायत स्वदेश तथा बिदेशमा रहनुहुने नेपाली बुवा आमा, दाजुभाई तथा दिदिवहिनीहरुमा दुर्गा माताले सधै रक्षा गरुन, समृद्ध राष्ट्र निर्माण गर्न उमङ्ग, जोस र जागरहरु पैदा गरुन्, सबैलाई कौशलता र रचनात्मक प्रेरणा मिलोस् भने अपेक्षा सहित पुनः हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

अमरसिंह महर
गाउँपालिका अध्यक्ष